# रेसुङ्गा नगरपालिका भित्रका सामुदायिक क्याम्पसहरूका लागि अनुदान रकम उपलब्ध गराउने कार्यविधि, २०७९

**कार्यपालिकाबाट स्वीकृत मितिः २०७९/०९/२७**

**पहिलो संशोधन मितिः२०८१/०५/३०**

## रेसुङ्गा नगरपालिका

## तम्घास, गुल्मी

## रेसुङ्गा नगरपालिका भित्रका सामुदायिक क्याम्पसहरूका लागि अनुदान रकम उपलब्ध गराउने कार्यविधि, २०७९

### प्रस्तावना :

रेसुङ्गा नगरपालिकाभित्र सञ्चालित सामुदायिक क्याम्पसहरूको भौतिक पूर्वाधार विकास, मर्मत सम्भार, तलब भत्ता, शैक्षिक गुणस्तर अभिवृद्धि र स्तरोन्नतिका लागि सम्बन्धित क्यापसलाई अनुदान रकम उपलब्ध गराउन वाञ्छनीय भएकोले ***एवं नेपालको संविधानको अनुसूची-९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीको क्र.सं. २ मा शिक्षा, खेलकुद र पत्रपत्रिकाको सेवा प्रवाह प्रयोजनार्थ व्यवस्था गरेको हुँदा रेसुङ्गा नगरपालिका भित्रका सामुदायिक क्याम्पसहरुका लागि संघीय तथा प्रदेश सरकारवाट प्रदान गरिएका आर्थिक स्रोतवाट क्याम्पस सञ्चालन गर्न समस्या उत्पन्न भएको हुँदा स्थानीय सरकारवाट पनि नेपालको संविधानको भावना अनुरुप सहयोग गर्नुपर्ने परिस्थिति निर्माण भएकोले सोही अनुसूची बमोजिम कार्यान्वयनार्थ** रेसुङ्गा नगरपालिकाको कार्यपालिकाले "रेसुङ्गा नगरपालिका भित्रका सामुदायिक क्याम्पसहरूका लागि अनुदान रकम उपलब्ध गराउने कार्यविधि, २०७९" स्वीकृत गरी लागु गरिएको छ ।

## परिच्छेद - १

**१. संक्षिप्त नाम र प्रारम्भ :**

यस कार्यविधिको नाम : "रेसुङ्गा नगरपालिका भित्रका सामुदायिक क्याम्पसहरूका लागि अनुदान रकम उपलब्ध गराउने कार्यविधि, २०७९" रहेको छ ।

यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषा :**

**१. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

क) "नगरपालिका" भन्नाले रेसुङ्गा नगरपालिका गुल्मी सम्झनु पर्दछ ।
ख) "सभा" भन्नाले रेसुङ्गा नगरपालिकाको नगरसभा सम्झनु पर्दछ ।
ग) "कार्यपालिका" भन्नाले रेसुङ्गा नगरपालिकाको कार्यपालिका सम्झनु पर्दछ ।
घ) "कार्यालय" भन्नाले रेसुङ्गा नगरपालिका गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।
ङ) "अनुदान रकम" भन्नाले यस कार्यविधिले तोकेको आधार अनुसारका क्याम्पसहरूलाई प्रदान गरिने रकमलाई सम्झनु पर्दछ ।
च) "क्याम्पसको शैक्षिक गुणस्तर अभिवृद्धि र स्तरोन्नति" भन्नाले यस कार्यविधिले तोकेको आधार अनुसार उच्च शिक्षाको शैक्षिक प्रवर्द्धनका लागि क्याम्पसको भौतिक पूर्वाधार मर्मत वा सुधार वा निर्माण, फर्निचर ब्यवस्थापन, जनशक्ति ब्यवस्थापन आदि जस्ता कार्यहरूलाई सम्झनु पर्दछ ।

पहिलो संशोधनवाट थप गरिएको: *एवं नेपालको संविधानको अनुसूची-९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीको क्र.सं. २ मा शिक्षा, खेलकुद र पत्रपत्रिकाको सेवा प्रवाह प्रयोजनार्थ व्यवस्था गरेको हुँदा रेसुङ्गा नगरपालिका भित्रका सामुदायिक क्याम्पसहरुका लागि संघीय तथा प्रदेश सरकारवाट प्रदान गरिएका आर्थिक स्रोतवाट क्याम्पस सञ्चालन गर्न समस्या उत्पन्न भएको हुँदा स्थानीय सरकारवाट पनि नेपालको संविधानको भावना अनुरुप सहयोग गर्नुपर्ने परिस्थिति निर्माण भएकोले सोही अनुसूची बमोजिम कार्यान्वयनार्थ*

छ) "सामुदायिक क्याम्पस" भन्नाले विभिन्न विश्वविद्यालयहरूवाट सम्बन्धन प्राप्त गरी स्थानीय समुदायको सहयोगमा सञ्चालित उच्च तहको अध्ययन अध्यापन गराउने शैक्षिक संस्थालाई सम्झनु पर्दछ ।

ज) "सञ्चालक समिति" भन्नाले क्याम्पस ब्यवस्थापन गर्ने उद्देश्यले गठित समितिलाई सम्झनु पर्दछ ।

## परिच्छेद - २

**३. अनुदान रकमको मापदण्ड :**

१. यस रेसुङ्गा नगरपालिका अन्तर्गत सञ्चालित क्याम्पसहरूलाई प्रदान गर्नको लागि स्वीकृत प्रस्तव अनुसारको रकम आवश्यकता र औचित्यताको आधारमा कार्यविधिको दफा ५) अनुसारको समितिले गरेको सिफारिसको आधारमा देहायको मापडण्डको आधारमा "अनुदान रकम" प्रदान गर्न सकिनेछ ।

क) क्याम्पस रेसुङ्गा नगरपालिकाभित्र सञ्चालन भएको हुनुपर्नेछ ।

ख) सम्बन्धित निकाय वा विश्वविद्यालयवाट अनुमति वा स्वीकृति वा सम्बन्धन प्राप्त गरेको हुनुपर्नेछ ।

ग) क्याम्पस कम्तिमा पछिल्लो ५ वर्षदेखि नियमित रूपमा सञ्चालन भएको हुनुपर्नेछ ।

घ) सम्बन्धित निकाय वा विश्वविद्यालयवाट सञ्चालनको लागि तोकिएको मापदण्ड र आवश्यक न्यूनतम जनशक्ति र भौतिक पूर्वाधार पूरा भएको हुनुपर्नेछ ।

ङ) विद्यार्थीहरू नियमित रूपमा भर्ना भई रजिष्ट्रेशन फारम भरी नियमित रूपमा अध्ययनरत रहेको हुनुपर्नेछ ।

च) माथि उल्लेखित मापदण्ड पुगेका सबै सामुदायिक क्याम्पसहरूलाई नगरसभाले विनियोजन गरेको रकम कार्यप्रगतीको आधारमा उपलब्ध गराईनेछ।

## परिच्छेद - ३

**४. प्रस्ताव पेश गर्ने तथा स्वीकृति**

१. सामुदायिक क्याम्पसमा प्रदान गरिने अनुदान रकमको लागि सम्बन्धित सामुदायिक क्याम्पसको सञ्चालक समितिको निर्णयसहित तोकिएको ढाँचामा नगरपालिकामा प्रस्ताव पेश गर्नुपर्नेछ ।

२. कार्यक्रम प्रस्तावको ढाँचा अनुसूची - १ मा उल्लेख भए बमोजिम हुनेछ ।

**५. प्रस्ताव अध्ययन समिति :**

**१. प्रस्तावको छनौट र स्वीकृति तथा सिफारिस गर्न तपशिल बमोजिमको एक समिति रहनेछ ।**

| | |
|---|---|
| नगर उपप्रमुख | संयोजक |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| सामाजिक विकास समितिका संयोजक | सदस्य |
| योजना शाखा प्रमुख | सदस्य |
| शिक्षा शाखा प्रमुख | सदस्य सचिव |

**२. प्रस्ताव अध्ययन समितिले आवश्यक ठानेमा  सम्बन्धित विषयविज्ञलाई वैठकमा आमन्त्रण गर्न सक्नेछ ।**

**६. सिफारिस प्रक्रिया :**

दफा ५) बमोजिमको समितिले अनुदान सिफारिस गर्दा देहायका प्रक्रियाहरू अपनाउन सक्नेछ ।

क) दफा (३) अनुसारका मापदण्ड र दफा ७) कागजात रुजु गर्ने ।

ख) सो आ.व.को लागि नगरसभाबाट विनियोजन भएको रकमको आधारमा रकम निकासाका लागि नगर प्रमुख समक्ष पेश गर्ने ।

**७. अनुदान प्राप्तिको निवेदन दिदा संलग्न गर्नुपर्ने कागजातहरू :**

क्याम्पसहरूले अनुदान रकमका लागि नगरपालिकामा निवेदन पेश गर्दा तपसिलका कागजातहरू पेश गर्नुपर्नेछ

क) क्याम्पस सञ्चालक समितिको निर्णय,

ख) गत आ.व.को लेखा परीक्षणको प्रतिवेदन,

ग) सम्बन्धित निकाय वा विश्वविद्यालयले शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति वा स्वीकृति वा सम्बन्धन दिएको प्रमाण,

घ) सम्बिन्धत शैक्षिक संकायमा भर्ना भई रजिष्ट्रेशन फाराम भरी नियमित रूपमा अध्ययनरत रहेको भन्ने व्यहोरा खुलेको जनशक्ति र विद्यार्थीको संख्यात्मक विवरण ,

ङ) पूर्णकालीन जनशक्ति वा प्राध्यापकहरूको तलब भत्ताको एबथ च्यिि क्जभभत।

च) क्याम्पस सञ्चालनको लागि प्राप्त हुने आन्तरिक आय तथा अन्य आयस्रोतको विवरण,

छ) भवन निर्माणको हकमा क्याम्पसको नाममा रहेको जग्गा धनी प्रमाण पूर्जा वा भोकाधिकार पाएको पत्रको प्रतिलिपि,

ज) दोस्रो किस्ता रकम माग गर्दा पहिलो किस्ता रकमको खर्चको विवरण ।

## परिच्छेद - ४

**८. कार्यक्रम कार्यान्वयन सम्बन्धी सम्झौता :**

१. यस कार्यविधि बमोजिम सिफारिस भएको प्रस्ताव कार्यान्वयनका लागि सम्बन्धित क्याम्पसले ७ दिनभित्र नगरपालिकासंग सम्झौता गरिसक्नु पर्नेछ ।

२. उपदफा १) अनुसारको सम्झौताको ढाँचा अनुसूची - २ मा उल्लेख भए बमोजिम हुनेछ ।

३. उपदफा २) बमोजिमको सम्झौतामा अन्य कुराको अतिरिक्त कार्यक्रम कार्यान्वयन अवधि र नगरपालिकाले आवश्यक ठानेका अन्य शर्तहरू उल्लेख गर्न सक्नेछ ।

**९. कार्यक्रम कार्यान्वयन :**

१. कार्यक्रम कार्यान्वयनको सम्झौता भएपछि क्याम्पसले जतिसक्दो छिटो कार्य प्रारम्भ गर्नुपर्नेछ ।
उपदफा १) बमोजिम कार्य प्रारम्भ भएपछि सम्बन्धित क्याम्पसले सो को जानकारी नगरपालिकालाई दिनु पर्नेछ ।

२. भौतिक निर्माणसम्बन्धी कार्यको प्राविधिक सहयोग यस कार्यालयबाट हुनेछ ।

३. क्याम्पसमा कार्यरत जनशक्तिको तलब भत्ताको लागि अन्य स्रोत अपर्याप्त भएमा आवश्यकता र औचित्यको आधारमा अनुदान रकम तलब भत्तामा समेत खर्च गर्न सकिने छ ।

४. नगरपालिकाले कार्यक्र्म कार्यान्वयनको अवस्थाको वारेमा नियमित रूपमा अनुगमन गर्नेछ र अनुगमनको सिलसिलामा दिईएका निर्देशन एवं सुझावहरू पलना गर्ने जिम्मेवारी कार्यक्रम सञ्चालन गर्ने क्याम्पसको हुनेछ ।

५. कार्यक्रम सञ्चालन भएपछि तोकिए अनुसारको प्राप्त हुने बजेटको निकासा नगरपालिकाबाट लिई कायक्रम कार्यान्वयन गर्ने र नगरपालिकाले माग गरे बमोजिमका बील, भरपाइ र कार्यसम्पन्न प्रतिवेदन तयार गरी पेश गर्ने दायित्व क्याम्पसले बहन गर्नुपर्नेछ ।

६. कार्य सम्पन्न प्रतिवेदनको ढाँचा नगरपालिकाको ढाँचा अनुसार हुनेछ ।

७. सम्झौता बमोजिमको समयमा कार्यसम्पादन नगरेमा वा रकमको दुरूपयोग गरेको पाईएमा उक्त क्याम्पसको बैङ्क खाता रोक्का गर्ने र रकम दुरूपयोग सम्बन्धमा छानवीन गरिने छ ।

८ नगरपालिकाबाट यस अघि नगरपालिकाभित्रका सामुदायिक क्याम्पसलाई कार्यपालिकाको निर्णयबाट उपलब्ध गराएको अनुदान यसै कार्यविधि अन्तर्गत उपलब्ध गराएको मानिनेछ ।

**१०. कार्यक्रम कार्यान्वयनको अनुगमन प्रतिवेदन :**

१. कार्यक्रमको अनुगमन नगरपालिकाबाट हुनेछ ।

२. अनुगमन प्रतिवेदनको ढाँचा नगरपालिकाले तोके बमोजिम हुनेछ ।

**११. बाधा अड्काउ फुकाउने अधिकार :**

१. यस कार्यविधिमा उल्लेखित अनुदान रकम प्रदान गरिएका क्याम्पसले स्वीकृत प्रस्ताव अनुसारको कार्यक्रमको शीर्षकमा मात्र बजेट खर्च गर्नुपर्ने छ र सोको लेखापरीक्षण गराउनुका साथै प्रचलित आर्थिक ऐन, नियमावली र निर्देशिका बमोजिम खर्च गनुपर्नेछ ।

२. यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा नगरकार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

**१२. लागु नहुने**

यस कार्यविधि अनुसारको अनुदान रकम उपलब्ध गराउनको लागि आवश्यक पर्ने रकम अनुसारको बजेट कुनै आ.व.मा नगरसभाले विनियोजन नगरेमा यस कार्यविधि बमोजिमको अनुदान रकम उपलब्ध गराउने कार्यक्रम त्यस आ. व. को लागि लागु हुने छैन ।

**१३. कार्यविधिमा संशोधन :**

यस कार्यविधिमा कुनै संशोधन गर्नुपर्ने भएमा नगर कार्यपालिकाले आवश्यक संशोधन गर्नेछ ।

## अनुसूची - १

**रेसुङ्गा नगरपालिका भित्रका सामुदायिक क्याम्पसहरूका लागि अनुदान रकम उपलब्ध गराउने कार्यविधि, २०७९ पहिलो संशोधन २०८१**

## दफा ४ को उपदफा २) संग सम्बन्धित
## प्रस्तावको नमुना ढाँचा

श्रीमान् प्रमुखज्यू
रेसुङ्गा नगरपालिका,
तम्घास, गुल्मी ।

विषय : अनुदान रकमको लागि प्रस्ताव पेश गरेको ।

महोदय,

श्री रेसुङ्गा नगरपालिका नगरसभाले आ.व. ........मा सामुदायिक क्याम्पसको लागि विनियोजन भएको रकम हाम्रो क्याम्पस उक्त अनुदान रकम प्राप्त गर्न योग्य भएकोले तपसिलका विवरण र कागजातहरू सहित यो प्रस्ताव पेश गरेका छौं । उक्त अनुदान रकम नियमानुसार उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछौं ।

विवरण :

क्याम्पसको सङ्क्षिप्त पृष्ठभूमि सहितको तल उल्लेखित बिबरण संलग्न भएको क्याम्पसको शैक्षिक गुणस्तर र स्तरोन्नतिको बृहत सुधार योजना

**१) क्याम्पसको सङ्क्षिप्त चिनारी :**

२) भौतिक अवस्था, क्षेत्रफल, भवन संख्या, कक्षाकोठा संख्या, खानेपानीको अवस्था, शौचालयको अवस्था, खेल मैदान, कम्पाउण्ड वाल, पुस्तकालय, प्रयोगशाला, विद्यार्थी परिवहन साधन, अन्य अध्ययन अध्यापन हुने संकाय, कार्यक्रम, तह, कक्षा र विषय :

३) क्याम्पस ब्यवस्थापन सम्बन्धी अवस्था : सञ्चालक समिति, विषयगत समिति, अन्य समिति

४) विद्यार्थी संख्या : संकायगत, तहगतर विषयगत  दलित, जनजाति, अल्पसंख्यकविवरण सहित)

५) पूर्णकालिन र आंशिक शिक्षकहरूको विवरण :

६) विगत तीन बर्षको औषत नतिजा :

७) प्रस्तावनाको उद्देश्य :

८) प्रस्तावनामा माग गरेको कार्यक्रम :

९) कार्ययोजनाः

१०) अनुमानित लागतः

११) स्रोत ब्यवस्थापन :

१२) विद्यार्थीको उच्च शिक्षामा पहुँच सुनिश्चितता तथा शैक्षिक गुणस्तर अभिवृद्धिका लागि कार्य योजना

१३) अपेक्षित उपलब्धि

**१४) अपेक्षित प्रतिफल सूचक :**

**१५) जोखिम :**

**१६) निश्कर्ष :**

**१७) क्याम्पस प्रमुख र सञ्चालक समितिका पदाधिकारीहरूको कार्यक्रम कार्यान्वयन गर्ने प्रतिबद्धता :**

प्रस्ताव तयार र पेश गर्नेको :

नाम :

दस्तखत :

संपर्क नं :

मिति :

प्रस्तावका साथ संलग्न आवश्यक कागजातहरू :

क) क्याम्पस सञ्चालक समितिको निर्णय,

ख) गत आ.व.को लेखा परीक्षणको प्रतिवेदन,

ग) सम्बन्धित निकाय वा विश्वविद्यालयले शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति वा स्वीकृति वा सम्बन्धन दिएको प्रमाण,

घ) सम्ब्न्धित शैक्षिक संकायमा भर्ना भई रजिष्ट्रेशन फाराम भरी नियमित रूपमा अध्ययनरत रहेको भन्ने व्यहोरा खुलेको जनशक्ति र विद्यार्थीको संख्यात्मक विवरण ,

ङ) पूर्णकालीन जनशक्ति वा प्राध्यापकहरूको तलब भत्ताको एबथ च्यिि क्जभभत।

च) क्याम्पस सञ्चालनको लागि प्राप्त हुने आन्तरिक आय तथा अन्य आयस्रोतको विवरण,

छ) भौतिक संरचना निर्माणको हकमा क्याम्पसको नाममा रहेको जग्गा धनी प्रमाण प्रत्र वा भोकाधिकार पाएको पत्रको प्रतिलिपि,

ज) दोस्रो किस्ता रकम माग गर्दा पहिलो किस्ता रकमको खर्चको विवरण ।

## अनुसूची - २
## दफा ८ को उपदफा (२) संग सम्बन्धित
## सम्झौताको नमुना ढाँचा

**रेसुङ्गा नगरपालिका र ................................क्याम्पसबीच भएको सम्झौता पत्र**

श्री रेसुङ्गा नगरपालिका यसपछि पहिलो पक्ष भनिने) र ............................................... क्याम्पसका यसपछि दोस्रो पक्ष भनिने) देहायका सम्पूर्ण शर्तहरू पालना गर्ने गरी आज मिति :........................................................दिन सम्झौता सम्पन्न गरियो ।

**शर्तहरूः**

१. दोस्रो पक्षले पहिलो पक्षबाट अनुदान उपलब्ध गराउँदा कुनक्षेत्रमा हो सोही क्षेत्रको प्रस्ताव रेसुङ्गा नगरपालिका भित्रका सामुदायिक क्याम्पसहरूका लागि अनुदान रकम उपलब्ध गराउने कार्यविधि, २०७९ पहिलो पक्षलाई बुझाउनु पर्ने छ ।

२. निर्माण तथा मर्मत संभारको लागि लागत स्टिमेट तयार गर्न पहिलो पक्षले गर्ने छ ।

३. दोस्रो पक्षलाई दिने अनुदान कार्य प्रगतीको आधारमा खर्च भएको विल भरपाईसहित पहिलो पक्षले मागेका कागजात पूरा भएपछि उपलब्ध गराइनेछ ।

४. दोस्रो पक्षको प्रस्ताव स्वीकृत भएपछि पहिलो रकम उपलब्ध गराउँदा बैंक मार्फत मात्र गरिने छ । दोस्रो पक्षले बैंकको नाम र खाता नं. स्पष्ट रूपमा लेख्नु पर्ने छ ।

५. अन्य कुरा प्रचलित कानुन बमोजिम हुनेछ ।

६. यस सम्झौंतामा कुनै कुरा थप घट गर्नु पर्ने रेसुङ्गा नगरपालिका भित्रका सामुदायिक क्याम्पसहरूका लागि अनुदान रकम उपलब्ध गराउने कार्यविधि, २०७९ अनुसार र त्यसमा उल्लेख नभएको विषयमा कार्यपालिकाको निर्णयानुसार गरिनेछ ।

**सम्झौता गर्ने पदाधिकारीहरू**

| | |
|---|---|
| दोस्रो पक्षको तर्फबाट | पहिलो पक्षको तर्फबाट |
| अध्यक्ष : | नगरप्रमुख |
| हस्ताक्षर : | हस्ताक्षर : |
| **क्याम्पस प्रमुख :** | **प्रमुख प्रशासकीय अधिकृत :** |
| हस्ताक्षर : | हस्ताक्षर : |
| **सहायक क्याम्पस प्रमुखको नाम :** | **शिक्षा शाखा प्रमुख :** |
| हस्ताक्षर : | हस्ताक्षर : |
| क्याम्पसकाको छाप : | नगरपालिकाको छाप : |

रोहवर :

| | | | |
|---|---|---|---|
| १. | नाम | पद | दस्तखत |
| २. | नाम | पद | दस्तखत |

**सम्झौता सम्पन्न भएको मिति**

आज्ञाले
बाबुराम पल्ली
प्रमुख प्रशासकीय अधिकृत